लेखापरीक्षण प्रतिवेदन

माण्डवी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

माण्डवी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/380

श्रीमान् अध्यक्षज्यू,

माण्डवी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, प्युठान।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/380

श्रीमान् अध्यक्षज्यू,
माण्डवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जस्पुर, प्युठान।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१.कैफियतसहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियत सहितको राय व्यक्त गर्नेआधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस गाउँपालिकाले अन्तरसरकारी अख्तियारी तर्फको कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२.गाउँपालिकाको आय र व्यय तर्फ रु.९४ करोड ९३ लाख १० हजारको लेखापरीक्षण गरिएकोमा रु. १ करोड २ लाख ५७ हजार बेरुजू देखिएकोमा रु. ५१ लाख १६ हजारको प्रतिक्रियाबाट सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १७ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु. २५ लाख ८२ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु. ८ लाख गरी जम्मा रु. ५१ लाख ४१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. ७ करोड ६४ लाख १३ हजार मध्ये रु. २१ लाख ६४ हजार सम्परीक्षण भई यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु. ७ करोड ९३ लाख ९० हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजुस्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत माण्डवी गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४६	९७	१,०२,५७,७५४	०	७७	५१,१६,१८३	०	४६	२०	५१,४१,५७१	१७,५८,७२४	२५,८२,५७४	८,००,२७३	०	०	३३,८२,८४७	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षसम्मको सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
प्यूठान	७,६४,१३,०००	०	२१,६४,१०७	७,४२,४८,८९३	०	५१,४१,५७१	७,९३,९०,४६४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिकृयाबाट सम्परीक्षण				
१	२०८१/८२	४८	सेनिटरी प्याड खरिद	२,६१,०३०
२	२०८१/८२	३५	सिपमूलक तालिम	८,५००
३	२०८१/८२	५८	सहभागि भत्ता	१६,१५०
४	२०८१/८२	५९	सशर्त अनुदानबाट दरबन्दी भन्दा बढी खर्च	११,९६,०००
५	२०८१/८२	४३	शिक्षकको तलब बढी निकासा	५५,४६६
६	२०८१/८२	५२	विद्यालयको लेखापरीक्षण प्रतिवेदन	९७,२३६

७	२०८१/८२	२५.२	राजश्व अनुमान र प्राप्ति	५,१४,७५०
८	२०८१/८२	२६	भरपाई पेश हुनुपर्ने	३,५९,४००
९	२०८१/८२	३६	बैठक भत्ता	५६,१००
१०	२०८१/८२	३३	प्रशासनिक कामको अनुगमन	७,६५०
११	२०८१/८२	२३	पेश्कि बाँकी	१,६६,८००
१२	२०८१/८२	५१	पाठ्यपुस्तकमा बढी भूक्तानी	४७,२७१
१३	२०८१/८२	५७	नर्मस भन्दा फरक दरमा भूक्तानि	२५,०००
१४	२०८१/८२	४०	करार कर्मचारीको पारिश्रमिक	२०,३९,१८०
१५	२०८१/८२	६०	एक गाउँ एक कृषि प्राविधिक	२,६५,६५०
जम्मा				**५१,१६,१८३**
गत विगतको सम्परीक्षण				
१६	२०८०/८१	५५	म्याद नाघेको पेश्की	८,५५,३६०
१७	२०८०/८१	३३	मर्कवाङ्ग कृषि स्मार्ट गाउँ कार्यक्रम	४२,१२४
१८	२०८०/८१	१४	बैठक भत्ता	८५०
१९	२०८०/८१	४१	फरक दरमा सिमेन्टको प्रयोगः	८५,९५६
२०	२०८०/८१	५७.३	प्रदेश समपुरक	१,४१,०१२
२१	२०७९/८०	६३	रितपूर्बकको कर बिजक	२,०५,३४६
२२	२०७९/८०	७६.३	नयाँ गाउँ वडा कार्यालय देखि उदयपुरकोट जोड्ने सडक निर्माण	१६,६६७
२३	२०७८/७९	१३	मूल्य अभिवृद्धिकर	८,१६,७९२
जम्मा				**२१,६४,१०७**
कुल जम्मा				**७२,८०,२९०**

माण्डवी गाउँपालिका, प्युठान

(८०५५५५०६३००)

माण्डवी गाउँपालिका , प्यूठान

परिचय

१ **परिचय खण्ड**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।३० देखि २०८२।५।१ सम्म ४ कार्य दिन रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय र व्ययतर्फको रु.९४ करोड ९३ लाख १० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छन् ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षाा बाापत बढी भुक्तानी भएको रु.४३,६६५।- असुल भई दाखिला प्रमाण पेश भएको छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

आर्थिक वर्ष ०८१/८२					
आर्थिक कारोबारको एकीकृत विवरण					
प्राप्ति			**भुक्तानी**		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		**४६९७८९४५.३४**	**चालु खर्च**		**२४९२७८७५८.६९**
१.संचित कोष	१९७१५९४३.०२		१. पालिका तर्फ	१०६२६१७८९.९९	
२.धरौटी	१९३०१५४९.१९		२. संघीय सशर्त	१४२३२०९६८.७	
३.कार्यसञ्चालन कोष	२०४३७६३.९८		३. संघीय विशेष	०	
४. अन्य कोष	५९१७६८९.१५		४. प्रदेश सशर्त	६९६०००	
यस वर्षको आय			५. प्रदेश विशेष	०	
१.आन्तरिक आय			**पुँजीगत खर्च**		**१०९१७१५६४**
२. वित्तीय हस्तान्तरण (संघ)		**३५०६७५८९७.३६**	१. पालिका तर्फ	६०११२९१३	
क) समानीकरण अनुदान	६९५५४०८०		२. संघीय सशर्त	१५२२५३१६	
ख) राजस्व बाँडफाँट	६९९४८४०१.०५		३. संघीय विशेष	१५७१६४८९	
ग) सशर्त अनुदान	१७६१०६०००		४. संघीय समपुरक	७५०००००	
घ) समपुरक अनुदान	७५०००००		५. प्रदेश सशर्त	५५३३८२१	
ङ) विशेष अनुदान	१९८०००००		६. प्रदेश विशेष	१२३७१११	
च) रोयल्टी	७७६७४१६.३१		७. प्रदेश समपुरक	३८४५९१४	
छ) अन्य	०	०.००	**अन्तर सरकारी अख्तियारी (संघ)**		**८२३७९५०६**
३. वित्तीय हस्तान्तरण (प्रदेश)		**२३१६१५१६.९८**	क) सामाजिक सुरक्षा	५८७८६५०६	
क) समानीकरण अनुदान	४७१५०००		ख) एकिकृत स्वास्थ्य पुर्वाधार	२३५५५०००	
ख) राजस्व बाँडफाँट	५९४४०६७.९८		ग) विद्यालय क्षेत्र सुधार कार्यक्रम	३८०००	
ग) सशर्त अनुदान	६५६२४४९		अन्तर सरकारी अख्तियारी (प्रदेश)	०	०
घ) समपुरक अनुदान	४६२००००		ऋण फिर्ता(साँवा)	०	०
ङ) विशेष अनुदान	१३२००००		ऋणको ब्याज भुक्तानी	०	०
च) रोयल्टी	०	०.००	धरौटी फिर्ता तथा सदर स्याहा	४८०५५३१.६५	४८०५५३१.६५
छ) अन्य	०	०.००	प्रकोप व्यवस्थापन कोष खर्च	२८०९०९८	२८०९०९८

४. अन्तर सरकारी अख्तियारी (संघ)		**८२३७९५०६.००**	विविध कोषबाट भएको खर्च	२३२९४६०	२३२९४६०
क) सामाजिक सुरक्षा	५८७८६५०६		१. संघ तर्फ फिर्ता		**२२६४३२२६**
ख) एकिकृत स्वास्थ्य पुर्वाधार	२३५५५०००		क) सशर्त अनुदान	१८५५९७१५	
ग) विद्यालय क्षेत्र सुधार कार्यक्रम	३८०००		ख) विशेष अनुदान	४०८३५११	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		ग) समपुरक अनुदान	०	
६. ऋण/ वित्तीय व्यवस्था	०		२. प्रदेश तर्फ फिर्ता		**११८९६०३**
७. धरौटी आय	३९३७००३	३९३७००३.००	क) सशर्त अनुदान	३३२६२८	
८. प्रकोप व्यवस्थापन कोष	३८०००००	३८०००००.००	ख) विशेष अनुदान	८२८८९	
९. कार्यसञ्चालनकोष विविध	२२९२१५४.८३	२२९२१५४.८३	ग) समपुरक अनुदान	७७४०८६	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	०.००	**अन्तिम मौज्दात**		४७०७५४१४.८
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०	०.००	१. संचित कोषको मौज्दात	**१९७२७३४४.३**	
१२. आन्तरिक राजस्व आम्दानि	६६३५९८८.६३	६६३५९८८.६३	२. धरौटी	१८४३३०२०.५४	
१३. विभाज्य कोष तर्फ आम्दानी	१८२११५०	१८२११५०.००	३. प्रकोप व्यवस्थापन कोष	६९०८५९१.१५	
			४. कार्यसञ्चालनकोष विविध	२००६४५८.८१	
जम्मा		५२१६८२१६२.१४	**जम्मा**		५२१६८२१६२.१४

नेपालको संविधानको धारा २४१ को उपधारा ४ मा तीनै तहको सरकारको लेखा संघीय कानुन वमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा रहने व्यवस्था अनुरुप नेपाल सरकार मन्त्रिपरिषदबाट २०७६।१।१७ मा सवै स्थानीय तहमा स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application- SuTRA) लागु गर्ने निर्णय भई कार्यान्वयनमा रहेको छ। स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (SuTRA)अनुसार पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) मा पालिकाले संघीय सरकारवाट अनुदान प्राप्त गरी कार्यान्वयन गरेको निम्नानुसार रु. ८२३७९५०६.०० समावेश भै प्रतिवेदन भएको छैन। उल्लिखित अवस्थाले पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) ले पालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको देखिदैन। पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)मा लेखाङ्कन भई प्रतिवेदन हुने व्यवस्था हुनु पर्दछ।

सि.नं.	उपशीर्षकको विवरण	बजेट रु.	खर्च रु.
१	सामाजिक सुरक्षा तथा संरक्षण	५८९००६८०	५८७८६५०६
२	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२३५५५०००	२३५५५०००
३	विद्यालय शिक्षा क्षेत्र योजना	७९७०००	७९७०००
	जम्मा	**८३२५२६८०**	**८२३७९५०६**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बैंक हिसाब बिवरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । स्थानीय तहमा रहेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण अनुसार वर्षान्तमा स्रेस्ता र बैङ्क अनुसारको मौज्दात रु.४,७०,७५,४१४.८ रहेको विवरण पेश गरेको छ।

खाता	**स्रेस्ता अनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.**
स्थानीय तह सञ्चित कोष खाता	१९७२७३४४.३०	१९७२७३४४.३०
चालु खर्च खाता	०	०
पुँजीगत खर्च खाता	०	०
विविध कोष खाता	२००६४५८.८१	२००६४५८.८१
विपद व्यवस्थापन खाता	६९०८५९१.१५	६९०८५९१.१५
स्थानीय विभाज्य कोष	०	०
कर्मचारी कल्याण कोष खाता	०	०
धरौटी मौज्दात	१८४३३०२०.५४	१८४३३०२०.५४
ग१.१, आन्तरिक राजस्व खाता	०	०
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
बैङ्क मौज्दात	**४७०७५४१४.८**	**४७०७५४१४.८**

४ **वार्षिक नीति तथा कार्यक्रम र बजेट**

स्थानीय तहले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने गरी बार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पर्दछ। यसैगरी पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भावयता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्दछ ।

५ **मध्यमकालिन खर्च संरचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उल्लिखित अनुसार मध्यमकालिन खर्च संरचना तयार गरेको देखिदैन। सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन, विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउन मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्दछ।

६ **वृहत गाउँपालिका विकास गुरुयोजना**

गाउँपालिकाबासीलाई सुखी र समृद्ध वनाई दिगो विकासमा अग्रसर हुने लक्ष्य साथ माण्डवी गाउँपालिकालाई पूर्ण पूर्वाधारयुक्त गाउपालिका बनाउने दिर्घकालिन सोचका सहित वि.सं. २०७५ देखि २०९० सम्म १५ वर्षे वृहत गाउँपालिका विकास गुरुयोजना तयार गरेको छ। गाउँपालिकाको विकास गुरुयोजनामा भौतिक, आर्थिक, सामाजिक, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास सेवा प्रवाह तथा सुशासन गरी ५ वटा विषय क्षेत्रगत गाउँपालिका विकास योजना निर्धारण गरेको छ। त्यस्तै अनुसूची १ मा विकास योजना प्राथमिकिकरण गर्दा अवलम्वन गर्नुपर्ने आधारहरु अन्तर्गत कुनै पनि कार्यक्रमलाई प्राथमिकताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिने व्यवस्था समावेश छ। वृहत गाउँपालिका विकास गुरुयोजनामा समावेश गरेका क्षेत्रगत विकास योजनाहरु वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश भै सोको प्राप्ति अवस्था खुलाई प्रतिवेदन तयार गरेको देखिदैन। प्रतिवेदन तयार नभएकोले पालिकाले तयार गरेको वृहत गाउँपालिका विकास गुरुयोजनाको कार्यान्वयन अवस्था खुल्न सकेको छैन। वृहत गाउँपालिका विकास गुरु योजनामा समावेश गरेका क्षेत्रगत विकास योजनाहरु वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश भै सोको प्राप्ति अवस्था खुलाई समिक्षा सहितको प्रतिवेदन तयार हुनु पर्दछ।

७ **योजना प्राथमिकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ ।

८ **खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार वार्षिक रु. १० करोड रुपैया भन्दा बढीको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नु पर्ने र नियम ८ अनुसार वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु.१० करोड ९१ लाख ७१ हजार पुँजीगत खर्च/खरिद कार्य गरेकोमा उल्लेखित अनुसार एकिकृत रुपमा खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गरेको देखिँदैन। नियमानुसार खरिद गुरु योजना तथा खरिदको वार्षिक योजना तयार गरी खरिद कार्य गर्नु पर्दछ।

रु. हजारमा								
पुँजीगत खर्च शीर्षक	**बोलपत्रबाट भएको खरिद**	**सिलबन्दी दरभाउ पत्रबाट भएको खरिद**	**सोझै खरिद**	**अमानतबाट भएको खरिद**	**उपभोक्ता समितिबाट भएको खरिद**	**गैर सरकारी संस्थाबाट खरिद**	**कन्टिन्जेन्सी**	**जम्मा खर्च**
१०९१७१	८५२०७	४०३०	४८३०	०	१५१०४	०		१०९१७१

९ **ठेक्का व्यवस्थापन**

पालिकाले गरेको निम्नानुसार ठेक्का व्यवस्थापनमा खरिद तथा निर्माण कार्यमा लागत अनुमानको भन्दा ३५.७९ प्रतिशतसम्म घटिमा सम्झौता भएको छ । (केही उदाहरण)

ठेक्का नं.	कार्यक्रमको नाम	लागत अनुमान	सम्झौता	घटी प्रतिशत
१।०८१।८२	नयाँगाउँ र्‍यालेदेखी धनचौर जोड्ने मोटरबाटो निर्माण आयोजना	१२१३०२१३	७७८८२१७	३५.७९
२।०८१।८२	गणेश माध्यामिक विद्यालय भवन निर्माण	८५४५२८९	५५२५०६२	३५.३४
३।०८१।८२	सुन्नानी आधार मावि मर्कावाङ निर्माण	६६४८८४३	४४७४३५४	३२.७०
४।०८१।८२	बागिश्वरी माध्यामिक विद्यालय भवन निर्माण	४२९६८२५	२८०२१८८	३४.७८

पालिकाले तयार गरेको लागत अनुमान भन्दा ३५.७९ प्रतिशत घटीसम्ममा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। घटी कवोलमा सम्झौता भएका निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण सम्झौतामा तोकेको तरिकाले भए नभएको वा नर्म्स नै अधिक भएको सम्वन्धमा पालिकाको एकिन गर्नु पर्ने देखिन्छ।

१० त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छः

रकम रु. हजारमा							
क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	कुल खर्च रकम	३५८४५०	५१९३०	७२६००	४९९५२	१८३९६७	७८१४२
२	पुँजीगत खर्चतर्फ	१०९१७१	५४५१	२६३१५	१८५५४	५८८५०	३४९७२
३	प्रतिशत	१००	५	२४	१७	५४	३२
कुल खर्चको तुलनामा प्रतिशत		१००	१.५२	७.३४	५.१८	१६.४१	९.७५

पालिकाले रु. १० करोड ९१ लाख ७१ हजार पुँजीगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु. ५४ लाख ५१ हजार (५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २ करोड ६३ लाख १५ हजार (२४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १ करोड ८५ लाख ५४ हजार (१७ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ५ करोड ८८ लाख ५० हजार (५४ प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्तिम महिना आषाढमा मात्र रु. ३ करोड ४९ लाख ७२ हजार (३२ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्धि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गरेको छैन । ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

खरिद व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) तथा सार्वजनिक खरिद ऐन, २०६३ को ७४(३) अनुसार स्थानीय तहले खरिद कारवाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्याङ्कन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने, दफा ४१(२) बमोजिम रहने समिति तथा भेरियशन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को अधिनमा रही स्थानीय

तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वन जन्य- विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा कार्यपालिकावाट सडक, भवन लगायत भौतिक निर्माण कार्यको लागि एकरुपता र मितव्ययी हुने नर्म्स स्वीकृति गरी प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन।

शिक्षातर्फ

• पालिका भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेकोमा अनुगमन सुचक तयार गरी आवश्यक्ता अनुसार अनुगमन गर्ने गरेको देखिएन तथा अनुगमन पश्चात प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ ।

• कार्यक्रम कार्यान्वयन कार्यविधिमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था पूर्ण रुपमा कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई पदस्थापना गरेकोमा सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता नविकरण शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति वर्गिकरण अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

विविध तर्फ

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

• भ्रमण खर्च नियमावली २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्नु पर्ने, प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्थाको पालना नगरेको,

• सवारी साधन तथा मेशिनरी औजार मर्मत र इन्धन खर्चको अभिलेख PAMS प्रणालीमा अद्यावधिक राख्ने गरेको देखिएन ।

पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ।

१२ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो अधिकार क्षेत्रको विषयमा ऐन बनाउन सक्ने र सो अनुरुप आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन,

२०७४ को कार्य जिम्मेवारी पुरा गर्न पालिकाले २०८१।८२ को अन्त्य सम्म ३८ ऐन, ४ नियमावली, ६४ कार्यविधि, ५ मापदण्ड, १३ निर्देशिका र ३ वटा दिग्दर्शन स्थानीय राजपत्रमा प्रकाशन गरेको विवरण पेश गरेको छ।

१३ न्याय सम्पादन

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा संविधान बमोजिम एक न्यायिक समिती रहने व्यवस्था रहने र दफा ४७ (२) मा उक्त समितिले मेलमिलापको माध्यमबाट विवाद निरुपण गर्न सक्ने व्यवस्था रहेको छ । पालिका वाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को अन्त्यमा १३ उजुरी रहेकोमा आर्थिक वर्ष २०८१।८२ मा २७ उजुरी थप भएको र २४ उजुरी फर्स्यौट भई १६ उजुरी वाँकी रहेको देखियो। पालिकाले प्राप्त उजुरी कानून अनुसार फर्स्यौट गर्नु पर्दछ।

१४ दरबन्दि तथा पदपूर्ति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरवन्दी संरचना कायम गरेको छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित २६ जना स्थायी पदपूर्ति र बाँकि १२ पद रिक्त रहेकोमा पदपूर्तिका लागि लोक सेवा आयोगमा माग फाराम पठाएको व्यहोरा पेश भएको छ। जस मध्ये शिक्षा अधिकृत ७/८ तह-१, अधिकृत प्रशासन ७/८ -१, लेखा अधिकृत ७/८ -१, कृषि अधिकृत -२, प्रशासन सहायक पाचौं- २, सहायक प्रशासन चौथौ-२, लगायतका १२ पद रिक्त रहेका छन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।

१५ तलबी प्रतिवेदन

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्वर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३३ कर्मचारीको रु.२,०७,३३,६७८।०० र पालिकाका २१ कर्मचारीको रु.१,३७,९९,६९२।०० समेत रु.३,४५,३३,३७०।०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ सुनौला हजार दिन कार्यक्रम

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को बुँदा नं. ८(३) को अनुसूची ९ अनुसारको ६ वटा मापदण्डमा आधारित रही लाभग्राही छनौट गर्नुपर्ने, बुँदा नं. ८(६) अनुसार पोषण सुधार कार्ययोजना तयारी गरी पेश हुनु पर्ने र बुँदा नं. ८(८) अनुसार लाभान्वित हुने परिवारको विवरण (अनुसूची ११) बमोजिमको आधार तथ्याङ्क लिई राख्नु पर्ने र बुँदा नं. २(ण) अनुसार लाभग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चिता गरी बुँदा नं. २(ठ) अनुसार रु.२५०००।०० सम्म सम्वन्धित लाभग्राहीको वैंक खातामा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ आर्थिक वर्षको अन्त्यमा भौचर नं. ३९४।०८२।३।३० बाट अनुसूचीमा उल्लेखित कार्यप्रकृयाको पुर्ण पालना र बुँदा नं. २(ण) अनुसार लाभग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चिता वेगर जनही रु.२५०००।०० का दरले २८ जना प्रस्तावको वैंक खातामा रु.७०००००।०० दाखिला गरेको देखियो। अनुदान उपलव्ध गराउँदा कार्यविधिमा भएको व्यवस्थाको कार्यान्वयन गरी बहुक्षेत्रीय पोषण कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भई खर्चको सदुपयोग भएको सुनिश्चित हुनु पर्दछ। आर्थिक वर्षको अन्त्यमा लाभग्राहीको वैंक खातामा उपलव्ध गराएको अनुदान रकमको समुचित उपयोग भएको सुनिश्चिता हुने प्रमाण (अनुगमन प्रतिवेदन) पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	७,००,०००

१७ आमा सुरक्षा कार्यक्रम

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को बुदा नं. १६ अनुसार आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थाले प्रदान गरेको आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ र नवजात शिशु कार्यक्रमको अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी सम्वन्धित तहले मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने उल्लेख छ। पालिकाका ३ वटा वर्थिङ्ग सेन्टरबाट पेश भएको आमा सुरक्षा इकाई मुल्य फाराम (अनुसूची १०) वमोजिम १५० जनाको सामान्य सुत्केरी गराएको विवरण अनुसार सुत्केरी यातायात खर्च प्रति व्यक्ति रु.२,०००.०० का दरले रु. ३,००,०००.००, प्रसुती गराए वापत संस्थागत शुल्क प्रति सुत्केरी रु.२,५००.०० का दरले जम्मा रु.३,७५,०००.०० र प्रोटोकल बमोजिम गर्भवती उत्प्रेरणा प्रोत्साहन प्राप्त गरेका १२९ जनालाई रु.८००.०० का दरले रु.१,०३,२००.०० समेत रु. ७,७८,२००.०० सोधभर्ना भुक्तानी भएको देखियो। पालिकाले उल्लेखित खर्च मासिक रुपमा सोध भर्ना भुक्तानी गर्दा आमा सुरक्षा कार्यक्रम तर्फ अनुसूची १५ र नवजात शिशु कार्यक्रम तर्फ अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी अनुगमन तथा सुपरीवेक्षण गरेको प्रमाण समावेश गरेको देखिएन। पालिकाले उल्लिखित खर्च भुक्तानी गर्दा निर्देशिका अनुसार आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ वमोजिमको चेकलिष्ट प्रयोग गरी मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण भएको प्रमाण समावेश गर्नु पर्दछ।

१८ खर्चको प्रकृति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा निम्नानुसार नमुना छनौट गरी परीक्षण गर्दा पालिकाबाट सञ्चालन भएका केही कार्यक्रमको कार्यविधी नभएको र खर्च समेत वितरणमुखी प्रकृतिको रहेको पाइयो । उपलव्धि मापन गरी कार्यविधि तयार गरी कार्यक्रम सञ्चालन गर्ने र कार्यान्वयन भएको कार्यक्रमको लाभग्राहीको नामनामेशी सहितको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ।

गो. भौ. नं.	कार्यक्रम	भुक्तानी रकम
३१५।०८१।१२।१२	वडा न ५ अन्तर्गत जेष्ठ नागरिक तथा एकल महिला सम्मान कार्यक्रममा कम्बल, फाइबर सिरक वितरण	२,४९,४११।००
५६२।०८२।३।८	अपाङ्ग तथा विपन्न बालबालिकाहरुलाई सर्ट प्वाइन्ट वितरण	१,००,०००।००
५८९।०८२।३।९	कक्षामी मा वि शैक्षिक अवलोकन भ्रमण खर्च भुक्तानी	२,००,०००।००
६१०।०८२।३।११	वडा नं ४ मा जेष्ठ नागरिक सम्मान कार्यक्रममा रेडियो एफ एम वितरण गरेको	२,००,०००।००
६३०।०८२।३।१४	वडा नं ५ अन्तर्गतका अभिवाहक विहिन जेहन्दार वालवालिकाहरुलाई सर्ट पाइन्ट वितरण	९९,८०२।००
६३५।०८२।३।१४	वडा नं ५ अन्तर्गत कक्षा ८ मा अध्ययनरत विद्यार्थिलाई घरमा शिक्षण कर्नर व्यवस्थापनका लागि स्टडी टेवल, टेबल ल्याम्प र कुशनको खोल वितरण	१,९८,९७६।००
१२८।०८१।९।१८	वडा नं २ अन्तर्गतका विद्यालयका विद्यार्थीहरुलाई टाई वेल्ट र आइ डि कार्ड वितरण	२,००,०००।००
४५५।०८२।२।७	वडा नं ३ का जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत पंखा वितरण	१,४९,८९०।००
१०८।०८१।९।१२	जेष्ठ नागरिक तिर्थयात्रा जेष्ठ नागरिक मिलन केन्द्रको अवलोकन कार्यक्रम	१,४२,२००।००
२३।०८१।७।७	जेष्ठ नागरिक तिर्थ भ्रमण कार्यक्रम वडा नं २ को	१,९५,०००।००
बिभिन्न	नारी दिवस मनाउने खर्च विभिन्न ५ वडाको	२,४१,७६०।००

१९ **लघु उद्यमशिल कार्यक्रम**

लक्षित नेपाली नागरिकलाई लघु उद्यम विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न मोडेलमा आधारित भई सीपमूलक तालिम संचालन गरी सीप क्षमता अभिवृद्धि गर्ने, उद्यमी हुन प्रोत्साहित गर्ने र समग्र आयस्तर तथा जीवनयापनमा सुधार ल्याउने उद्देश्य सहित गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार लघु उद्यमशिल कार्यक्रम सञ्चालन हुने व्यवस्था छ। समानीकरण अनुदानवाट सञ्चालन गरेको कार्यक्रमको सञ्चालन कार्यविधि पालिकाले तयार नगरेकोले सशर्त र समानिकरण अनुदान गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका,२०७७ बाट कार्यान्वयन भएको देखिन्छ। लेखापरीक्षणबाट तालिम कार्यक्रम सञ्चालन सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन।

विवरण कार्यक्रमको नाम	कार्यक्रम मिति	सहभागी संख्या	खर्च रकम
एक दिने अभिमुखिकरण कार्यक्रम	२०८१/११/०८	३२जना	१३१३०
एक दिने सहभागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रम	२०८१/११/१३	३५जना	११०५०
आठ दिने उद्यमशिलता विकास तालिम	२०८१/११/२० देखि २०८१/११/२८ सम्म	३६जना	६०१३०
प्राविधिक सिप विकास तालिम तर्फ			
पन्ध्र दिने डोको सुपो उत्पादन तालिम	२०८१/१२/१४ देखि २०८१/१२/२८ सम्म	५जना	५९७५०
आठ दिने फित्ता चप्पल उत्पादन तालिम	२०८२/१/८ देखि २०८२/१/१५ सम्म	६जना	१८४२५९
पन्ध्र दिने डल कुसन तालिम	२०८२/१/९ देखि २०८२/१/२३ सम्म	१८जना	१२४३६०
दुई महिने ब्यूटीपार्लर तालिम	२०८१/१२/१५ देखि २०८२/२/१५ सम्म	६जना	१५८३९०
दश दिने चम्फा टेक्टर मर्मत तालिम	२०८२/१/१४देखि २०८२/१/२३ सम्म	८जना	२३९९९१
उद्यम विकास समिति बैठक सञ्चालन			३०४७०
गा.पा. विनियोजन बजेट बाट तान मेसिन हस्तान्तरण	२०८२/०३/१९	९ जना	६४००००
उद्यम विकास सहजकर्ता परिचालन	२०८१/९/२१ देखि २०८२/३/३० सम्म	१जनासहायक चौथो	२१७२८२
जम्मा रु			१७,३८,८१२।

१९.१ गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुदा नं. ४१(३) मा उद्यमीलाई आवश्यकता अनुसार प्रविधि हस्तान्तरण गर्नुपरेमा सो बापतको कम्तीमा २० प्रतिशत रकम उद्यमीबाटै व्यहोर्न लगाउनु पर्ने र बाँकी ८० प्रतिशत कार्यालयले सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा संघीय सशर्त तथा समानिकरण अनुदान मध्ये छनौट गरिएका प्रविधि हस्तान्तरण भएका निम्नानुसार कार्यक्रममा लागत सहभागीता गरेको देखिदैन। पालिकाले घटी लागत सहभागिता भएको रकम सम्बन्धितबाट असुल गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

गो भौ नं	**खर्च विवरण**	**प्राप्त गर्ने**	**प्रविधि खरिद रकम**	**लागत सहभागिता हुनुपर्ने रकम**
७४० गा. पा. चालु	होजियारी मेशीन		५८९९८०।	११७९९६।
२४९ शसर्त चालु	चप्पल कटिङ्ग मेशीन	देवकला लगाएत ५ जनाको समुह	९४९९९।	१८९९९।
३३० शसर्त चालु	मिनि टिलर पार्टस	८ जना को समुह	१०७१६९।	२१४३३।
जम्मा रु			**७,९२,१४८।**	**१,५८,४२८।००**

असुल गर्नुपर्ने	१,५८,४२८

१९.२ गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुदा नं.३९ मा तालिमबाट उत्पादित सामाग्रीको सकेसम्म विक्री गर्ने र विक्री हुन नसकेमा विवरण सहित कार्यालयमा स्टोर दाखिला गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले डोको बुनाई, चप्पल निर्माण, व्युटी पार्लर तालिम, मिनि टिलर मर्मत लगायतका सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरेको छ। तालिम सञ्चालनबाट उत्पादन भएका सामाग्रीको अवस्था, सोको जिन्सी अभिलेख, तथा प्रविधि हस्तान्तरण अवस्था खुल्ने अभिलेख समेत अद्यावधिक राखेको देखिदैन। पालिकाबाट तालिम कार्यक्रम सञ्चालन भई सोको प्रभावकारीता र उपलव्धी समेत खुल्ने गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ।

२० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (दोस्रो संशोधन २०७८।९।३०), २०७५ को बुँदा नं. ३ अनुसार सवैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउने दीर्घकालिन सोच प्राप्त गर्नको लागि सुचिकृत हुने १८ वर्ष देखि ५९ वर्षको उमेर समुहका वेरोजगार व्यक्तिलाई लक्षित गरी आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन गर्ने लक्ष्य प्राप्त गर्न ५ उद्देश्य र ५ रणनीति र ४ वटा क्षेत्र निर्धारण गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाले स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, कुलो पैनी मर्मत, संभार तथा सरसफाई कार्य लगायतका १० योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई रोजगारी उपलव्ध गराई ज्यालामा रु.४६,४५,९४०.०० खर्च लेखेको छ। पालिकाले उल्लेखित आयोजना सञ्चालन गर्दा लक्षित वर्गको लागि अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिदैन। निर्देशिकका अनुसारको सोच प्राप्तिको लागि दिर्घकालिन रुपमा रोजगारी सृजना हुने कार्यक्रम सञ्चालन हुनु पर्दछ।

क्र.सं.	योजनाकोनाम	श्रोत	बिनियोजित बजेट	खर्च भएको बजेट	श्रमिक संख्या
१	वडाकार्यालय देखि गणेश माध्यामिक बिद्यालय जाने पक्की गोरेटो बाटो निर्माण योजना	नेपाल सरकार	३९६०००	३९४७८८	६
२	तल्लोसिमलचौर पधेरा खोला देखि भङ्जी खोला सिचाई कुलो मर्मत योजना	आई.डी.ए.	५३४४००	५३४४००	८
३	खुक्लीचौरटोलमा सडक मेशिनरी वाल निर्माण योजना	आई.डी.ए.	५३४४००	५३४४००	८
४	सुन्नानी मा.वी देखीबेलपोखरी सम्म गोरेटो बाटो र २ न. वडाको सडक मर्मत योजना	नेपाल सरकार	३९६०००	३९४७८८	६
५	वडा न.३ भित्र पक्किकुलो निर्माण तथा कृषि उत्पादन योजना	आई.डी.ए	५३४४००	५३४४००	८
६	वडा न.३ भित्रकापुर्वाधार निर्माण योजना	नेपाल सरकार	३९६०००	३९४७८८	६
७	नर्सु सल्लिखर्क तथाबसुन्धरा तिल्केनी जोड्ने गोरेटो बाटो निर्माण तथा पर्खाल निर्माण योजना	नेपाल सरकार	३९६०००	३९४७८८	६
८	सुन्नानी मन्दिर देखिकामाक्षी मा.वी जोड्ने मोटर बाटो मर्मत तथा निर्माण योजना	आई.डी.ए.	५३४४००	५३४४००	८
९	५न वडा भित्र रहेका सडकहरु मर्मत	नेपाल सरकार	३९६०००	३९४७८८	६
१०	५न. वडा भित्रका रहेका पक्की कुलोहरुमर्मत	आई.डी.ए.	५३४४००	५३४४००	८
	जम्मा			**४६४५९४०**	**७०**

२०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मेजरमेन्ट बुकमा

उल्लेख भएको परिमाणको मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमको योजनाको भुक्तानी गर्दा मेजरमेन्ट बुकमा भन्दा बढी परिमाणको भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

कामको विवरण	**मेजरमेन्ट बुक अनुसारको परिमाण**	**भुक्तानी परिमाण**	**दर**	**बढी भुक्तानी**
माटो कटिङ्गको कार्य	११.०६	१२.६६	४८१.६२	७७०.५
ढुङ्गा विछ्याउने कार्य	८.४६	९.६८	१००२	१२२२.४
पि.सि.सि. एम २०	७.०५	७.७१	३३४०	२२०४.४
ढुङ्गाको गाह्रो लगाउने कार्य	४८.२६	६२.२७	४३४२	६०८३१
जम्मा रु				**६५,०२८।**

असुल गर्नुपर्ने	६५,०२८

२०.२ पालिकाले निर्माणसँग सम्वन्धित कार्य गर्दा संघीय सरकारका विषयगत मन्त्रालयबाट स्वीकृत भएका मितव्ययी नर्म्स प्रयोग गरी निर्माण कार्य गराउनु पर्दछ। पालिकाले निम्नानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ निम्नानुसार सडक निर्माणसँग सम्वन्धित आयोजनामा सडक विभागवाट स्वीकृत भएको मितव्ययी हुने नर्म्स प्रयोग नगरी भवन विभागको नर्म्स प्रयोग गरेको देखियो। सडक विभागको नर्म्स भन्दा फरक नर्म्स प्रयोग गरी दर विश्लेषण गरेको र सोही बमोजिमाको दर प्रयोग गरेकोले पि. सि. सि. कार्यमा देहाय बमोजिम बढी व्ययभार परेको छ । यसमा पालिकाले सुधार गर्नु पर्दछ।

वडा नं	**कामको विवरण**	**भएको काम विवरण**	**प्रयोग गरेको दर**	**परिमाण**	**प्रयोग हुनुपर्ने दर**	**बढी भुक्तानी**
५	सडक निर्माण	पि सि सि एम १५	३३४०	१६.१७	२९६८	६०१५
४	सडक निर्माण	पि सि सि एम २०	५२१०	२५.२४	२९७५	५६४११
३	पूर्वाधार निर्माण	पि सि सि एम १५	३३४०	१७.९४	२९६८	६६७३
३	पक्की कुलो निर्माण	पि सि सि एम १५	३३४०	२०.७५	२९६८	७७१९
२	सडक निर्माण	पि सि सि एम १०	३३४०	७.७१	२९६६	२८८३
१	सडक निर्माण	पि सि सि एम १५	३३४०	८.१८	२९६८	३०४३
१	सडक निर्माण	पि सि सि एम १५	३३४०	१३.२४	२९६८	४९२५
	जम्मा रु					८७६६९

अनियमित भएको	८७,६६९

२१ आर्थिक सहायता वितरण

पालिकाले आफ्नो क्षेत्रभित्रका गरिब, असहाय, विपन्न वर्गलाई सहायता वितरण सम्बन्धमा पालिकाको विपद प्रभावित व्यक्ति तथा परिवारलाई राहत वितरण मापदण्ड तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड,२०७९ तयार गरेको छ । पालिकाले विपन्न नागरिक तथा संघ संस्थालाई आर्थिक सहायता वितरणमा वर्षभरी रु.१०,३९,०००।०० विनियोजन गरी खर्च गरेको छ । यसरी आर्थिक साहयता वितरण गर्दा वास्तविक गरिब तथा विपन्न वर्गको पहिचान गरेरमात्र यस प्रकारको सहायता उपलब्ध गराउने तथा आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति र संघ सस्थाको नामनामेशी समेत सार्वजनिकरण गर्नुपर्दछ । यसरी सहयाता वितरण गर्दा आफ्नो आन्तरिक आय समेत मध्यनजर गरी विकास निर्माण तथा उत्पादनमुलक कार्यका लागि रकम आभाव नहुने गरी आर्थिक साहयता वितरण हुनु पर्दछ ।

२२ **सहकारी सम्बन्धी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ख) अनुसार स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्था सम्वन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने कार्य सम्वन्धित स्थानीय तहको हुने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार पालिकाको भौगोलिक क्षेत्रभित्र रहेका १९ सहकारी संस्था मध्ये ७ वटा सहकारी संस्था सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा अभिलेख अद्यावधिक नभएको र १७ वटा समस्याग्रस्त रहेको उल्लेख गरेको छ। सहकारी सँस्थाको अभिलेख व्यवस्थापन, समयमा तोकेको प्रकृया अनुसार साधारण सभा सञ्चालन, आधारभूत नीति, नियम, कार्यविधि तर्जुमा गरी सोको कार्यान्वयन गरी सहकारी सँस्थाको व्यवस्थापन हुनु पर्दछ। पालिकाले विद्यमान कानुन तथा कार्यविधि अनुसार सहकारी संस्था सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) अद्यावधिक गराउने र समस्याग्रस्त सहकारी सम्वन्धमा उपयुक्त कदम चाल्नु पर्दछ।

२३ **पेश्कि बाँकी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

२४ **योजनाको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा रु. २० लाख भन्दा माथी ५, रु. ५ लाख देखि २० लाखसम्म ७ र रु. ५ लाख भन्दा कम बजेट भएका १०९ समेत कुल १२० योजना छनौट भई १२० आयोजना कार्यान्वियन भएको देखियो । योजना छनौट गर्दा दिर्घकालीन उपलब्धि हासिल हुनेगरी गर्नुपर्दछ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु. २० लाख माथिका योजना सङ्ख्या	रु. ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु. ५लाख भन्दा कमका योजना सङ्ख्या	कार्यान्वियन भएका योजना संख्या	कार्यान्वियन नभएका योजना संख्या
१	पालिकास्तरीय	१२	५	७	०	१२	०
२	वडा स्तरीय	१०९	०	०	१०९	१०८	१
	जम्मा	१२१	५	७	१०९	१२०	१

२५ **राजश्व अनुमान र प्राप्ति**

पालिकाको राजश्व अनुमान र प्राप्ति निम्नानसार रहेको छः

२५.१ लुम्विनी प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को वुँदा नं. १० मा संकलन भण्डारण र घाटगद्दी सम्वन्धी व्यवस्था रहेको छ । पालिका र सप्लायर्स बिच भएको नदीजन्य पदार्थ उत्खनन तथा विक्री सम्झौतामा रसिद प्रमाणित गराई ठेकेदारलाई

उपलव्ध गराई प्रयोग गर्ने, राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने, संकलन गर्ने कर्मचारीले परिचयपत्र लगाउनुपर्ने, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७९ मा घाट गद्दि स्थल नतोकिएको स्थानवाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न नपाउने तथा तीन तीन महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले रसिद जारी गरेकोमा सप्लायर्सको विवरण तथा ठेक्का नं. उल्लेख नगरेको, रसिद काटेको विवरण अद्यावधिक नगरेको लगायत सम्झौतामा समावेश बेहोरा कार्यान्वियन भएको खुल्ने प्रमाण अद्यावधिक राखेको पाइएन। प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र ठेक्का सम्झौता उल्लेख भएको नदीजन्य पदार्थको परिमाण भन्दा वढी उत्खनन नभएको सुनिश्चितता तथा प्रभावकारी घाट गद्दि व्यवस्थापनको लागि सम्झौतामा समावेश शर्तको प्रभावकारी कार्यान्वियन हुने गरी अनुगमन व्यवस्था हुनु पर्दछ।

२५.२ असुल हुँन बाँकी राजश्व -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५१४,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२५.३ पालिकाको क्षेत्राधिकार भित्र पर्ने माण्डवी खोलाको नदीजन्य पदार्थ उत्खनन तथा विक्रीको लागि पालिकाले गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार पालिकाको क्षेत्राधिकारभित्र नदी वहने माडी र झिमरुक खोलाको ६ घाटबाट १६,६४९.८० घन मिटर ढुङ्गा, गिटी तथा वालुवा गरी ३ प्रकारको नदीजन्य पदार्थ उत्खन्न गर्न सकिने र लुम्विनी प्रदेशको आर्थिक ऐन अनुसार ढुङ्गा, गिटी तथा वालुवा प्रति घन फुट रु.६ को दरले मूल्य अभिवृद्धि कर समेत रु. ३५,२७,९२६.२२ (मूल्य अभिवृद्धि कर र अग्रिम कर बाहेक) हुने उल्लेख छ। पालिकाले २०८१।६।२ को सुचना अनुसार नदीजन्य पदार्थ उत्खनन तथा विक्रीको लागि सुचना प्रकाशन गरेकोमा अधिकतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही श्री आमोद निर्माण सेवा, प्यूठान नगरपालिका ४, प्यूठानको बोलपत्र स्वीकृत भई रु.३५,५०,०००.०० सम्झौता भएको देखियो। पालिकाको क्षेत्राधिकार भित्र तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) नभएका घाटबाट प्रयोग गर्ने गरी संघ, प्रदेश र पालिकाले सञ्चालन गर्ने गरेका पुर्वाधार निर्माणमा प्रयोग हुने ढुंगा, गिटी तथा वालुवा जस्ता नदीजन्य पदार्थको परिमाण सम्वन्धमा समेत एकिन गरी राजश्व प्राप्त गर्नु पर्नछ।

२५.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना विज्ञापन कर, दहत्तर बहत्तर शुल्क, बहाल विरौटी कर लगायत राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ । पालिकाको राजश्व अनुमान तथा प्राप्तिको अवस्था निम्नानुसार रहेकोमा नियमावलीमा व्यवस्था भए अनुसार पालिकाले मासिक रुपमा प्रदान गर्ने सेवा प्रवाहको अभिलेख र राजश्व प्राप्तिको विवरण भिडान गरी सो अनुसारको राजश्व समयमा बैंक दाखिला भएको सुनिश्चित हुने गरी मासिक रुपमा निरीक्षण गरेको देखिदैन। नियममा भएको व्यवस्थाको पालना हुने गरी कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्नु गराउनु पर्दछ।

सि.नं.	राजश्वको नाम	२०७९।८० को असूली	२०८०/ ८१ को असूली	२०८१।०८२ को अनुमान	२०८१।०८२ को असुली
१.	सम्पती कर	१०२२६३९.१४	१३४६७८४.७४	२००००००.	२३२८३९४.८६
२.	भुमिकर/मालपोत	२८९५४१३३	१३४१२७.८७		१२३६३४.८३
३.	वहाल कर	२७९३२१.४	५४२२८५.१२	५०००००.	६१८६२९.६४
४.	अखेटोपहरामा लाग्ने कर	०	०		५३२००.
५.	वहाल विटौरी कर	०	२८२८८.		०
६.	व्यवसायले भुक्तानी गर्ने	०	१३७५.		०
७.	सवारी साधन कर (साना)	०		५०००.	०
८.	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०			१५५१४२.
९.	अन्य कर	१८२५०.	२२८००.		४७०००.
१०.	अन्य बिक्रीबाट प्राप्त रकम		४०००.		०
११.	अन्य सेवा शुल्क तथा बिक्री	३८४५.	३५२२०.		३३२०.
१२.	न्यायिक दस्तूर	२१००.	२९००.		१८००.
१३.	परीक्षा शुल्क	९१६००.	४३६००.		३१६००.
१४.	अन्य प्रशासनिक सेवा शुल्क		१८४२५०.	२०००००.	१७४०००.
१५.	नक्सापास दस्तुर	८५६३.	१४२४८.	२५०००.	५९६०७.४३
१६.	सिफारिश दस्तुर	७०२००७.५९	५५२८७२.१५	५०००००.	६५२५९०.३७
१७.	व्यक्तिगत घटना दर्ता दस्तुर	२५०८१०.	२०४८००.	२०००००.	३०८१००.
१८.	नाता प्रमाणित दस्तुर	२३६०२.	२०४५०.	३००००.	१६९००.
१९.	अन्य दस्तुर		३९६८३८.	३०००००.	४४७५७५.
२०.	व्यावसाय रजिष्ट्रेशन दस्तुर	३७८५२०.	२७४७१७.	५०००००.	४१६६९०.
२१.	प्रशासनीक दण्ड जरिवाना र जफत (ठेक्कापट्टा र अन्य नक्सा पास समेत)	६७७१८.	४८०००.	३००००.	०
२२.	अन्य क्षेत्रको आय		११७०६०३.३४		४२२०५३.८
२३.	व्यवसाय कर			१००००.	३२०००.
२४.	अन्य राजस्व	२७७२५.	१०९६५.	३००००००.	०
२५.	बेरूजू		३६९७९८.		५४११७.
२६.	विज्ञापन कर		६२९७५.	६३०००.	६०५००
२७.	अन्य मनोरञ्जन कर			५५०००.	०
२८.	दहत्तर बहत्तर शुल्क		३४४८७४०.	३४०००००.	३५५००००.
जम्मा			८९२०६३७	११३०८०००	९४९६३५४.९३

२६ **भरपाई पेश हुनुपर्ने**

(✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **३५९,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२७ **पुकरुक वोरिङ खानेपानी योजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(४) अनुसार राष्ट्रिय स्तरको बोलपत्र आह्वानको हकमा प्रथम पटक कम्तीमा तीस दिनको सुचना दिनु पर्ने र दफा १४(४क) अनुसार तोकिएको अवधि भित्र कुनै बोलपत्र पेश नभएमा १५ दिनको पुनःबोलपत्र सुचना आह्वान गर्नु पर्ने उल्लेख छ। प्रथम पटक प्रकाशन भएको सुचना अनुसार कुनै पनि बोलपत्र नपरेकोले दोस्रो पटक सुचना प्रकाशन नगरी कार्यपालिकाको २०८१।१२।१४ बैठकको निर्णयानुसार बोलपत्र आह्वानमा कुनै पनि निर्माण व्यावसायी सहभागी नभएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम हुने गरी उपभोक्ता समिति मार्फत योजना सम्पन्न गर्न निर्देशन दिने निर्णय भए अनुसार निम्नानुसार उपभोक्ता समितिबाट पुकरुक वोरिङ खानेपानी योजना निर्माण गरी रु.२४,९४,९०५.०० भुक्तानी गरेको छ । बार्षिक बजेटमा समावेश भएको निर्माण कार्य गर्नको लागि आर्थिक वर्षको पहिलो त्रैमासिकमा खरिद कार्यको व्यवस्थापन नगरी फागुनमा खरिद कार्य सुरु गरेको र कार्यपालिकाको निर्णयको आधारमा दोस्रो पटक सुचना प्रकाशन नगरी उपभोक्ता समितिबाट गराएको कार्य नियमसम्मत देखिएन। अतः पालिकाले खरिद कार्यलाई प्रतिश्पर्धी, मितव्ययी र पारदर्शी रुपमा समयमा खरिद प्रकृया सुरु भई खरिद कार्य सम्पन्न हुने गरी खरिद व्यवस्थापन हुनु पर्दछ।

क्र.सं.	कामको विवरण	सुचना प्रकाशन	लागत अनुमान	सम्झौता	जनश्रमदान	भुक्तानी
१-बोलपत्र आह्वान	वितरण प्रणाली बाहेकको वोरिङ्गको कार्य	२०८१।११।२२	२५१४००९	नभएको	०	०
२-उपभोक्ता समिति	एच.डि.पि.इ. पाइप (पि.एन.१६) ४०/३२/२० एम.एम.को १२६० मिटर वितरण प्रणाली (लागत रु.४,३३,४८७.००) सहितको वोरिङ्गको कार्य	सम्झौता-०८१।२।१४ देखि ०८२।३।१५	२८००१४५	२८००१४५	३०११४५	२४९४९०५

अनियमित भएको	२४,९४,९०५

२८ **प्रशासानिक खर्चको बिश्लेषण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्वीकृत भएको बजेट दफा ७३(६) अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य पुर्ण तवरले खर्च व्यवस्थापन गर्नको लागि गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ कार्यान्वयनमा ल्याएको छ। पालिकालको निम्नानुसार खर्च शीर्षकमा भएको आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको खर्चको अवस्था निम्नानुसार रहेको छ।

क्र.सं.	खर्च शीर्षक	२०७९।८०	२०८०।८१	२०८१।८२
१	अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च	२५०००००.००	१९३९४०४.००	२२०७५२९.००
२	फिल्ड भत्ता	०.००	०.००	०.००
३	अतिरिक्त समय कामकाज प्रोत्साहन भत्ता	०.००	०.००	०.००
४	बैठक भत्ता पदाधिकारी तथा कर्मचारी	१९६५०००.००	१८५४०००.००	१२४४८६०.००
६	मसलन्द तथा कार्यालय सामाग्री	२६२१५६८.५८	२४३९८८७.००	२५०००००.००
७	इन्धन (कार्यालयप्रयोजन)	२३३७७६२.००	२९३७३०२.००	२९७९०६८.००
८	विविध खर्च- अतिथि सत्कार समेत	२२९७६९४.००	२८९००००.००	२७०००००.००
	जम्मा	**११७२२०२४.५८**	**१२०६०५९३.००**	**११६३१४५७.००**

१.स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७७ को दफा १५ मा पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्बजनिक गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था कार्यान्वियन गरेको नदेखिएकोले कानूनको पालना गर्नु पर्दछ।

२.पालिकाको अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च पछिल्लो आर्थिक वर्षमा घट्दो क्रममा रही आर्थिक वर्ष २०८१।८२ मा रु.२२०७५२९.०० रहेको छ। भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन, भ्रमणको उद्वेश्य लगायत व्यहोरा पुर्ण अद्यावधिक भएको देखिदैन।

३.विविध खर्च गर्दा सोको प्रयोजन तथा उद्वेश्य अद्यावधिक रुपमा नखुलाएको, नियमित प्रशासनिक प्रकृयावाट सम्पादन हुने कार्य (विभिन्न सिफारिस, अनुगमन लगायत), खुला कोटेशन मुल्याङ्कन, मल व्यवस्थापन समितिको वैठक भत्ता जस्ता कार्यको समेत अनुगमन तथा वैठक भत्ता भुक्तानी गरेको देखिएकोले उल्लेखित प्रकृतिका खर्च मितव्ययी भएको देखिदैन।

माण्डवी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ अनुसार खर्च मितव्ययी हुने गरी बजेट निर्धारण र कार्यान्वियन हुनु पर्दछ।

२९ **मर्मत तथा इन्धन खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७७ को दफा ४ (१) (२) (३) र (४) मा पदाधिकारीहरुको यातायात सुबिधा सम्बन्धी व्यवस्था छ। सवारी साधन उपलब्ध गराएको अवस्थामा अनुसूचिमा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने उल्लेख छ। त्यस्तै कर्मचारीहरुको हकमा नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ४८ मा सवारी साधन तथा इन्धन सुबिधा सम्बन्धी मापदण्डको व्यवस्था गरेको छ। पालिकाले सवारी साधन मर्मत तथा ईन्धन प्रयोगका सम्बन्धमा निश्चित मापदण्ड तयार गरी लागु गरेको देखिएन। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.२६,००,०००।० र इन्धनमा रु. २९,७९,०६८।०० खर्च गरेको छ। पालिकाले सवारी साधन अनुसार पदाधिकारी तथा कर्मचारीलाई वार्षिक मर्मत र इन्धन खर्चको मापदण्ड तयार गरी कार्यान्वियन गर्नुपर्दछ। साथै मेशिनरी औजार तथा सवारी साधन मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प. फाराम मर्मत आवेदन तथा आदेश फाराम ४१४, मर्मत सम्पन्न ४१४(क) र मर्मत अभिलेख खाता ४१५ व्यवस्थित रुपमा राखी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

३० **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धी विल भरपाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष दैनिक भ्रमण अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा रु.२२,०७,५२९।०० खर्च गरेको छ । भ्रमण आदेश र संलग्न भएका विल भरपाईहरु नमूना छनौट गरी परीक्षण गर्दा भ्रमणको उदेश्य

स्पष्ट हुने नगरेको तथा भ्रमण प्रतिवेदन पूर्ण रुपमा पेश हुने नगरेको लगायतका कैफियत देखिएकोले भ्रमण प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी उद्धेश्य वेगरको भ्रमण खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

३१ **गाडी भाडा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन,२०७७ को दफा ४ (१) (२) (३) र (४) मा पदाधिकारीहरुको यातायात सुबिधा व्यवस्था छ।सवारी साधन उपलब्ध गराएको अवस्थामा अनुसूचीमा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने उल्लेख छ।त्यस्तै कर्मचारीहरुको हकमा नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं.४८ मा सवारी साधन तथा इन्धन सुबिधा सम्बन्धी मापदण्डको व्यवस्था गरेको छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले उपरोक्त सुबिधा बाहेक कार्यालयको बिभिन्न कामका लागि सवारी साधन भाडा वापत देहायका गो भौ नं बाट भाडा भुक्तानी भएको देखियो । गाडि भाडा लिदा सवारी धनिसंग सम्झौता गरेको पत्र संलग्न भएपनि सबै ठाउँमा प्रयोजन तथा कुन पदाधिकारी प्रयोग गरेको हो सो खुलाउने गरेको देखिएन । अतः उदेश्य र प्रयोजन बेगरको गाडि भाडा भुक्तानीमा नियन्त्रण गरी यस प्रकारको खर्चमा मितव्ययि हुनु पर्दछ ।

गो भौ नं	विवरण	अवधि	भुक्तानी रकम
६६१।०८२।३।१५	सामाजिक सुरक्षा भत्ता वितरण लगायत कार्यालयको काम	बिभिन्न अवधि	३५२०२७
३३४।०८१।१२।१५	अध्यक्ष र कर्मचारीले प्रयोग गरेको	०८१।११।१२ देखि ११।१७	९४५००
३१८।०८२।१।८	सवारी धनिको निवेदनका आधारमा	४. ५ दिन	४७२५०
४०९।०८२।१।३०	उपाध्यक्षले प्रयोग गरेको	४ दिन	४२०००
३७७।०८२।१।८	अध्यक्षको गाडि बिग्रेको अवस्थामा	१३ दिन	९१०००
७६५।०८२।३।२४	कार्यालय काम उल्लेख	बिभिन्न अवधि	२०५०००

३२ **पदाधिकारी सुबिधा सार्वजनिकरण**

सुबिधा सार्वजनिकरणः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७७ को दफा १५ मा पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुबिधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्बजनिक गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले ऐनमा भएको व्यवस्था कार्यान्वयन गरेको नदेखिएकोले कानूनको पालना गर्नु पर्दछ।

३३ **प्रशासनिक कामको अनुगमन**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३४ प्रयोजन नखुलाएको बिबिध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान, आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाको सुत्रको विवरण अनुसार विविध खर्च शीर्षकमा पालिका तर्फ रु.१७,००,०००।०० र वडातर्फ रु.१०,००,०००।०० समेत कुल रु.२७,००,०००।०० खर्च गरेको छ । यस मध्ये पालिकाले कार्यपालिका तथा कर्मचारीका बिभिन्न बैठक, फिल्ड अनुगमन, कार्यालय समय अघिपछि बसी कार्य गरेको, अथिति सत्कारमा हुने चिया, खाजा, खाना लगायतमा खर्च भएको उल्लेख भएको छ । नमुना छनौटका आधारमा परीक्षण गर्दा देहायका गोश्वरा भौचरबाट भएको विविध खर्च कुन कुन कार्यक्रम वा प्रयोजनमा खर्च भएको हो विस्तृत रुपमा खुलाएको देखिएन । अतः पालिकाले विविध खर्च गर्दा आफ्नो आन्तरिक आयको परिधिभित्र रही तथा प्रयोजन खुलाएर मात्र खर्च गरी यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

गो भौ नं	विवरण	खर्च रकम रु
१४।०८१।६।२०	विभिन्न होटल रेष्टुरेन्टमा विभिन्न समयको खाना खाजा खर्च उल्लेख	४,१६,८९९।
१५९।०८१।१०। १५	विभिन्न होटल रेष्टुरेन्टमा विभिन्न समयको अध्यक्ष, प्र . प्र . अधिकृतको खाना , खाजा तथा न्यायिक समितिको बैठक भत्ता उल्लेख	२,६५,८००।
४१४।०८२।१। ३१	विभि विभिन्न होटल रेष्टुरेन्टमा विभिन्न कार्यक्रमको खाजा, खाना खर्च उल्लेख गरेको	३,४१,४३५।
७६१।०८२।३। २४	विभिन्न होटल रेष्टुरेन्टमा विभिन्न समयको खाना खाजा खर्चको विल भुक्तानी	६,२०,२२२।

३५ सिपमूलक तालिम

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं ५६(१) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिका गर्नु पर्ने तथा सोहि बुदाको (५) मा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी खटाउनु पर्ने छ । त्यसरी कर्मचारी खटाउँदा आवश्यकता औचित्यता र उपयुक्ताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले महिला बालवालिका तथा समाजकल्याण अन्तर्गत गो.भौ.नं.६३।०८२।३।११ बाट दलितहरुका लागि सीप विकास तालिम कार्यक्रम सञ्चालनको खर्च परीक्षण गर्दा देहायको अवस्था देखियो ।

तालिम	तालिम अवधि	सहभागि संख्या	प्रशिक्षक भत्ता	अनुगमन भत्ता	कुल खर्च
पलम्बिङ	१ महिना	१	३५५२५	१००००	७८८३५

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६ **बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३७ **वडा समितिको बैठक भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७६ ले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, सदस्य लगायतले पाउने सुबिधा सम्बन्धी व्यवस्था कानूनले गरेको छ ।पालिकाको वडा समितिको बैठकमा वडा अध्यक्ष र सदस्यले बैठकमा उपस्थिति भए वापत तोकिएको दरमा बैठक भत्ता पाउने व्यवस्था छ । पालिकाले कार्य सञ्चालन निर्देशिका २०७७ जारी गरी सो निर्देशिकाको बुदा नं ३(१) मा समिति वा कार्यदलका कूल सदस्य बाहेक सो सदस्य संख्याको बढीमा पच्चिस प्रतिशतले हुन आउने संख्यामा विज्ञ आमन्त्रित सदस्य वा कर्मचारीलाई यस निर्देशिका बमोजिम बैठक भत्ता उपलब्ध गराइने उल्लेख गरेको छ । पालिकाले वडा समितिको बैठकमा वडा समितिका पदाधिकारीका अतिरिक्त अन्य कर्मचारी समेतलाई आमन्त्रित सदस्यका रुपमा बैठक भत्ता उपलब्ध गराउने गरेको देखियो। पालिकाले तयार गरेको निर्देशिका अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिकासंग तुलना गर्दा बैठक भत्तामा मितव्ययि भएको देखिएन । यस्ता खर्चमा मितव्ययि हुनुपर्दछ।

गो भौ नं	नाम थर	पद	वडा नं.	बैठक संख्या	दर	कर कट्टी पछिको भुक्तानी रकम
९६, ३०२ , ६४०	आशिष पौडेल	अ.स.ई.	५	३२	१०००	२७२००।००
९६, ३०२ , ६४०	मदन मल्ल	का. स.	५	३६	१०००	३०६००।००
१०१, २०० , ४३२	भृकुटी बुढाथोकी	अ.स.ई.	१	२५	१०००	२१२५०।००
१०१, २०० , ४३२	रोसन बहादुर रोका	का.स.	१	२७	१०००	२२९५०।००
१६१, ३७१ , ५७४	यज्ञ बहादुर खडका	अ.स.ई.	२	२७	१०००	२२९५०।००
१६१, ३७१ , ५७४	गोबिन्द बहादुर घर्ती	का.स.	२	२७	१०००	२२९५०।००
६३, १८२ , ३७३ , ५४४	लक्ष्मण के सी	अ.स.ई.	३	२७	१०००	२२९५०।००
६३, १८२ , ३७३ , ५४४	मानदेव घर्ती	ना.प्रा.स.	३	१६	१०००	१३६००।००
६३, १८२ , ३७३ , ५४४	हेम बहादुर खत्री	का.स.	३	२७	१०००	२२९५०।००
१९६, ५९१	खिम बहादुर घर्तिमगर	प्रा.स.	४	२७	१०००	२२९५०।००
१९६, ५९१	गुमान बहादुर के सी	का.स.	४	२७	१०००	२२९५०।००
	जम्मा रु.					२५३३००।००

३८ **तालिम तथा अभिमुखिकरण कार्यक्रम**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ५६(१) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिका गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले देहाय अनुसारका तालिम तथा अभिमुखिकरण कार्यक्रम आफैले सञ्चालन नगरी वह्य संस्था मार्फत सञ्चालन गराएको देखियो ।कार्यालयबाटै श्रोत व्यक्तिको व्यवस्थापन गरी गराउन सकिने सामान्य प्रशासन प्रकृतीका अभिमुखिकरण तथा तालिम कार्यक्रमहरु पनि बाह्य संस्थामार्फत गराउँदा लागत बढ्नुका साथै पालिकाको श्रोत साधनको उच्चतम प्रतिफल प्राप्त हुन सकेको देखिएन । अतः यस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययि हुने गरी गर्नुपर्ने देखिन्छ ।

भौ नं	कार्यक्रम	सस्थाको नाम	सहभागि संख्या	खर्च रकम
६१६।०८२।३।१२	कासको दिगो विकास लक्ष्यको स्थानीयकरण सम्बन्धी दुइ दिने अभिमुखिकरण	झुलेनी मिडिया प्रा लि प्यूठान	६१	४८४०००।००
६२७।०८२।३।१३	कर्मचारीको क्षमता विकास सम्बन्धी तालिम	स्वर्गद्धारी स्वर्गद्धारी डिजाइन एशोसिएट्स प्रा. लि प्यूठान	२९	४९३०००।००
६६७।०८२।३।१६	माध्यमिक विद्यालयहरुमा सेवा प्रभाव सुदृढिकरण	सम्भव मिडिया सर्भिस प्रा लि काठमाण्डौं	५ विद्यालय	२९६०००।००

३९ **महिला स्वयं सेविका प्रोत्साहन**

नेपाल सरकार संघीय शशर्त चालु कार्यक्रमबाट महिला स्वयं सेविकाहरुलाई यातायात खर्च र पोशाक खर्च उपलब्ध गराउदै आएकोमा स्थानीय सरकारले आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी थप प्रोत्साहन सम्बन्धी कार्यक्रम गर्नु पर्दछ। पालिकाले महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई संघीय सर्शतबाट उपलब्ध गराउदै आएको सुबिधाका अतिरिक्त पालिकाको तर्फबाट समेत थप गरी वार्षिक रु.१२,०००।०० दरले ४१ जनालाई रु.४,९२,०००।०० भुक्तानी गरेको छ । अतः आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी उस्तै प्रकृतिका कार्यक्रममा खर्च गर्ने प्रणालीमा नियन्त्रण गर्नु पर्दछ ।

४० **करार कर्मचारीको पारिश्रमिक**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **२,०३९,१८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

४१ **संस्थागत विद्यालय व्यवस्थापन र अनुगमन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, पालिकाको शिक्षा योजना तर्जुमा गरी कार्यान्वियन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था छ । पालिकाले संस्थागत विद्यालयको व्यवस्थापन तथा अनुगमन सम्बन्धमा निश्चित मापदण्ड तयार गरी कार्यान्वियन गरेको नदेखिएकोले नियमानुसार मापदण्ड तयार गरी अनुगमन तथा सुपरिषेक्षण प्रभावकारी रुपमा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

४२ **शिक्षक अभिलेख व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तह सम्मको विद्यालयको अभिलेख राख्ने, मूल्यांकन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले शिक्षा योजना तर्जुमा गरी कार्यान्वियन, अनुगमन तथा मुल्यांकन गर्नपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र संचालित संघीय, प्रदेश अनुदान तथा आन्तरिक स्रोतबाट तलब भत्ता खाने, बैकल्पिक शिक्षा सिकाई केन्द्र, सामुदायिक बालविकास केन्द्र तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको नियुक्ति, अवकाश, सरुवा, विदा तथा राजिनामा सम्बन्धी विवरण प्रमाणित गरी अभिलेख राख्नुपर्नेमा आशिंक रुपमा मात्र राखेको देखियो । लेखापरीक्षणको क्रममा माग गरिएका मध्ये केहि शिक्षकहरुको अभिलेख प्राप्त भएतापनि सबैको व्यक्तिगत अभिलेख पूर्ण रुपमा राखेको नदेखिएकोले उपरोक्त अनुसारको अभिलेख अद्यावधिक तथा प्रमाणित गरी राख्नुपर्दछ।

४३ **शिक्षकको तलब बढी निकासा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५५,४६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४४ **समानिकरण बजेटबाट शिक्षक व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड "ज" मा गाउँपालिका र नगरपालिकाको काम कर्तब्य र अधिकार अन्तर्गत आधारभूत तथा माध्यामिक शिक्षा उल्लेख भएको छ। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७५।७७ चलानी नं. ३२९ मिति २०७५।९।१२ को पत्रानुसार समेत साझा अधिकारको विषयमा कानून वनाउने सन्दर्भमा नेपालको संविधानको धारा ५७(६) मा साझा अधिकारको विषयमा प्रदेश तथा स्थानीय तहले कानून वनाउँदा संघीय कानूनसँग नबाझिने गरी वनाउनु पर्ने बेहोरा समावेश रहेको अवस्थामा संघीय शिक्षा ऐन नवनेकोले सम्वन्धित तहले कानुन वनाउदा संघीय सरकारको समन्वयमा मात्र नेपाल सरकारबाट नियुक्त भएका शिक्षक तथा सामुदायिक विद्यालयहरुको व्यवस्थापन र समग्र शिक्षा प्रणालीसँग सम्वन्धित विषयमा उठेका सवालको सहजिकरण गर्दा नेपाल सरकारसँग समन्वय गर्नु पर्ने गरी नेपाल सरकार मन्त्रिस्तरको २०७५।९।१२ को निर्णयको पत्राचार गरेको देखियो।

त्यस्तै पालिकाले शिक्षा नियमावली, २०५९ नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालीस र चालीस हुनु पर्ने व्यहोरा समावेश छ। पालिकावाट प्राप्त विवरण अनुसार २६ विद्यालयमा साविकमा १३४ शिक्षक रहेकोमा गाउँपालिकाले ४१ दरवन्दी थप गरी १७५ दरवन्दी र ४५९८ विद्यार्थी सँख्या रहेको देखिन्छ। पालिकाले साविकको स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत ४१ जना शिक्षकलाई बार्षिक रु.१,०८,३२,४८९.०० वित्तिय समानिकरण शीर्षकबाट तलब भत्ता वापत विद्यालयको नाममा अनुदान निकासा दिएको पाईयो । उल्लेखित अनुदान उपलव्ध गराउँदा स्थानीय तहको अधिकार सूचिमा समावेश आधारभूत र माध्यामिक शिक्षाको सम्वन्धमा पालिकाले तयार गरेको गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०८० को दफा २०(१) मा संघ तथा प्रदेश मापदण्ड अनुसार विद्यार्थी तथा अनुपात कायम गर्नु पर्ने र दफा २०(३) अनुसार भौगोलिक रुपले विद्यालय तत्काल मर्ज गर्न वा गाभ्न नसकिने, कम विद्यार्थी रहेका विद्यालय तथा विषयगत शिक्षक ब्यवस्थापन गर्नुपर्ने विद्यालयहरुमा कम्तिमा २५ जना विद्यार्थी वरावर १ शिक्षक पर्ने गरी गाउँपालिकाले शिक्षक अनुदान व्यवस्था गर्न सक्ने उल्लेख छ। पालिका अन्तर्गत रहेका विद्यालयको तह, विद्यार्थी संख्या, संघीय सरकारको साविकको दरवन्दी तथा पालिकाको अनुदान शिक्षक दरवन्दी अवस्था निम्नानुसार रहेको छ। पालिका अन्तर्गत रहेका विद्यालयको विद्यार्थी संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। पालिकाबाट प्राप्त विद्यार्थी संख्या संघीय सरकार अनुदान शिक्षक दरबन्दी तथा पालिका अनुदान शिक्षकको अवस्था यस प्रकार छ।

र.सं.	विद्यालयको नाम	कक्षा संचालन	जम्मा विद्यार्थीसंख्या	संघीय सरकारअनुदान शिक्षकदरबन्दी	पालिका अनुदानशिक्षक दरबन्दी	जम्मा शिक्षक दरबन्दी
१	लोकभक्त प्राथमिकविद्यालय सिमलचौर	१-३	२९	१	१	२
२	परमेश्वरी प्राथमिक विद्यालय सल्लिकोट	१-२	३३	०	१	१
३	शहिद स्मृति प्राथमिक विद्यालय पुकरुक	१-१	२३	०	०	०
४	अधार प्राथमिक विद्यालय धनचौर	१-३	२८	२	०	२
५	ऐश्वर्य प्राथमिक विद्यालय डाँडाकटेरी	१-४	८३	२	१	३
६	अरुणा भवानेश्वरी प्राथमिक विद्यालय कुमालटार	१-५	८३	३	०	३
७	बागिश्वरी माध्यमिक विद्यालय तिग्रा	१-१०	२४०	८	३	११
८	भवनीश्वरी आधारभूत विद्यालय जस्पुर	१-८	१४४	५	१	६
९	गणेश आधारभूत विद्यालय ढिकावन	१-८	२१२	५	३	८
१०	गणेश प्राथमिक विद्यालय तिराम	१-५	१०८	३	१	४
११	गणेश माध्यमिक विद्यालय तिराम	१-१२	४३५	१६	१	१७
१२	जनज्योति प्राथमिक विद्यालयधनचौर	१-४	६१	२	०	२
१३	ज्योति प्राथमिक विद्यालय चकचके	१-५	७०	३	१	४
१४	कामाक्षी माध्यमिक विद्यालय उदयपुरकोट	१-१२	६४७	१०	५	१५
१५	खड्ग प्राथमिक विद्यालय चिन	१-५	५०	३	०	३
१६	कृष्ण आधारभूत विद्यालय मार्सिवङ्ग	१-८	१८५	६	२	८
१७	माण्डवी माध्यमिक विद्यालय नयाँगाउँ	१-१२	८८९	२५	६	३१
१८	नेपाल राष्ट्रिय प्राथमिक विद्यालय मर्कावाङ्ग	१-५	११२	२	२	४
१९	नेपाल राष्ट्रिय प्राथमिक विद्यालय ढाँड	१-५	१२९	३	१	४
२०	नेपाल राष्ट्रिय आधारभूत विद्यालय जुजेनेटा	१-८	१०२	६	३	९
२१	नेपाल राष्ट्रिय आधारभूत विद्यालय थक्लेनी	१-८	१८७	४	४	८
२२	रामेश्वरी प्राथमिक विद्यालय आँपचौर	१-५	४९	३	०	३
२३	सरस्वती प्राथमिक विद्यालय मुकचौर	१-५	६७	२	१	३
२४	सुन्नानी आधार माध्यमिकविद्यालय रातापानी	१-१२	४४०	१५	१	१६

२५	स्वर्गद्धारी प्राथमिक विद्यालय सिरवारी	१-३	३६	१	१	२
२६	यज्ञश्वरी आधारभूत विद्यालय सल्लिखर्क	१-८	१५६	४	२	६
	जम्मा		४५९८	१३४	४१	१७५

४५ **एस. ई. ई. परीक्षाको नतिजा**

पालिका अन्तर्गतको विद्यालयको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विषयगत शिक्षक तथा कर्मचारीको तलव भत्ता, पाठ्यपुस्तक, नमुना विद्यालय तथा भौतिक सुविधा लगायतमा अनुदान उपलव्ध गराउदै आएको छ । पालिकावाट प्राप्त विवरण अनुसार निम्न ५ विद्यालयको एस.ई.ई. को नतिजा विश्लेशण गर्दा परीक्षामा सहभागी ३०५ जना विद्यार्थी मध्ये ३० प्रतिशत वा ९१ जना विद्यार्थीमात्र नियमित रुपमा उत्तिर्ण भएको देखियो। उत्तिर्ण मध्ये गणेश माध्यमिक विद्यालय र तिराम बागिश्वरी माध्यमिक विद्यालय तिग्राबाट परीक्षामा सहभागी मध्ये ५० प्रतिशत र सवैभन्दा कम माण्डवी माध्यमिक विद्यालय नयाँगाउबाट २३ प्रतिशतमात्र उत्तीर्ण भएको देखिएको छ। परीक्षामा सहभागी विद्यार्थीको उत्तीर्ण दर न्यून भएको अवस्थाले पालिकावाट उपलव्ध गराएको अनुदानको प्रभावकारी उपयोग भएको भन्न सकिएन । त्यसैले पालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि गर्न पालिकाबाट प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण हुनु पर्दछ।

क्र.स.	विद्यालयको नाम	२०८१ मा परीक्षामा सम्मिलित विद्यार्थी संख्या	२०८१ मा उत्तीर्ण संख्या	२०८१ मा उत्तीर्ण प्रतिशत
१	श्री गणेश माध्यमिक विद्यालय तिराम	३४	१७	५०
२	श्री सुन्नानी आधार माध्यमिक विद्यालय मर्कावाङ्ग	४४	११	२५
३	श्री माण्डवी माध्यमिक विद्यालय नयाँगाउ	१५१	३४	२३
४	श्री कामाक्षी माध्यमिक विद्यालय उदयपुरकोट	५४	१८	३३
५	श्री बागिश्वरी माध्यमिक विद्यालय तिग्रा	२२	११	५०
	जम्मा	**३०५**	**९१**	**३०**

४६ **विद्यार्थि संख्या सत्यापन नगराएको**

स्थानीय तहले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (**IEMIS**) प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयको कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा सामुदायिक विद्यालयहरुलाई निर्देशिका बमोजिमको अनुदान निकासा दिनुपर्ने व्यवस्था छ।पालिकाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (**IEMIS)** मा प्रविष्ट तथ्याङ्क बराबर विद्यार्थी संख्या भए नभएको विषयमा सत्यापन गराई अनुगमन गरेको पाईएन। पालिकाभित्र रहेका २६ वटा विद्यालयहरुलाई **IEMIS** मा प्रविष्ट तथ्याङ्कको आधारमा दिवा खाजा बापत रु.५१,४५,६७५, पाठ्यपुस्तक बापत रु.२६,०२,१४६, आवासीय तथा गैर आवासीय छात्रावृती रु.४,२८,४००, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान रु.१७,६०,००० लगायतको अनुदान प्रदान गरेको छ । यसरी सत्यापन नभएको अवस्थामा **IEMIS** मा प्रविष्ट तथ्याङ्क बराबर विद्यार्थि संख्या विद्यालयमा उपस्थित रहेकाछन् भन्ने विषयमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। पालिकाबाट निकासा भएको अनुदान रकमको सबै विद्यालयहरुले सही उपयोग गरे नगरेको सम्बन्धमा यकिन गर्न प्रभावकारी अनुगमन गरी प्रतिवेदन संलग्न हुनुपर्दछ ।

४७ **दिवा खाजा कार्यक्रम**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका अध्ययनरत विद्यार्थीका लागि

विद्यार्थीको उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५. का दरले दिवा खाजा कार्यक्रमको रकम विद्यालयको खातामा निकासा हुने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा २६ सामुदायिक विद्यालयलाई दिवा खाजा वापत रु. ५१४५६७५ सम्वन्धित विद्यालयको खातामा निकासा गरेको छ । खाजा वापत निकाशा गरेको भौचर परीक्षण गर्दा देहाय बमोजिम विद्यालयहरुलाई परीक्षाको समयमा समेत दिवा खाजा वापतको रकम निकाशा गरेको पाईयो। परीक्षा सञ्चालनको समयमा विद्यालयले खाजा उपलव्ध गराएको सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गरेको नदेखिएकोले परीक्षाको समयमा समेत खाजा उपलव्ध गराएको एकीन गरी प्रतिवेदन संलग्न गर्नु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४८ **सेनिटरी प्याड खरिद**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **२६१,०३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४९ **स्थानीय पाठ्यपुस्तक खरिद**

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ अनुसार पालिकाले स्थानिय पाठ्यपुस्तक खरिद गरी सम्बन्धित विद्यालयलाई विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली **(IEMIS)** प्रविष्टको आधारमा वितरण गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले कक्षा १ देखि ४ सम्मका स्थानिय पाठ्यपुस्तक प्रत्येक कक्षामा ५०० को संख्यामा खरिद गरेको पाईयो। विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या भन्दा निम्नानुसार बढि हुने गरी खरिद गरेको पाईयो। पालिकाले आबश्यकताको आधारमा मितव्ययी ढंगले खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

कक्षा	खरिद संख्या	विद्यार्थी संख्या	वितरण संख्या	खरिद दर	वितरण हुन बाकी
१	५००	४००	३४७	२४२	१५३
२	५००	३४२	३४०	२८३	१६०
३	५००	३७१	३६७	२५७	१३३
४	५००	४२१	३९९	२४६	१०१

५० **पाठ्यपुस्तक वितरण**

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था रहेको छ। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको मूल्यसूचिका आधारमा पाठ्यपुस्तकको अनुदान विद्यालयको खातामा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस वर्ष कुनैपनि विद्यालयको सत्यापन सम्बन्धि कार्य गरेको देखिएन।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कको आधारमा पहिलो पटक ७५ प्रतिशत र बाकी २५ प्रतिशत समेत गरी जम्मा रु.२६,०२,१४६.०० भूक्तानि भएको पाईयो । यसरी सत्यापन नभएको अवस्थामा विद्यार्थी संख्या एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्क बराबर कक्षामा उपस्थित रहेकाछन भन्ने विषयमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। पालिकाबाट निकासा भएको सबै रकम विद्यालयहरुले पाठ्यपुस्तकमा खर्च गरे नगरेको तथा सबै विद्यार्थिले समयमै पाठ्यपुस्तक पाए नपाएको यकिन गरी अनुगमन प्रतिवेदन संलग्न हुनुपर्दछ ।

५१ **पाठ्यपुस्तकमा बढी भुक्तानी**

विद्यालयलाई पाठ्यपुस्तकमा अनुदान निकासा गर्दा विद्यार्थी संख्याको आधारमा गर्नुपर्दछ। लेखापरीक्षणको क्रममा छनौटमा परेका ५ विद्यालय मध्ये देहाय बमोजिमका विद्यालयमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि तथ्याङ्कभन्दा फरक विद्यार्थी संख्यालाई पाठ्यपुस्तक वितरण गरेको पाईयो। पालिकाले अनुदान प्रदान गर्दा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि तथ्याङ्कको आधारमा गर्नुपर्नेमा सो भन्दा बढी विद्यार्थी संख्या गणना गरी पाठ्यपुस्तक वितरणका लागि अनुदान भुक्तानी गरेको पाईयो।एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि तथ्यांक भन्दा बढी अनुदान निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय राजश्व दाखिला गर्नुपर्दछ साथै अन्य विद्यालयको समेत पालिकाले अनुगमन गरी बढी संख्या भुक्तानी भएको भए असुल गरी संघिय राजश्व दाखिला हुनुपर्ने रु.

सि. नं.	विद्यालयको नाम	अनुदान दिएको रकम	अनुदान दिनुपर्ने रकम	बढी रकम
१	माण्डवी मा वि	५५७८०५	५४४८३६	१२९६८

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४२,७४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **३,४७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१,०५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१२,९६८

५२ **विद्यालयको लेखापरीक्षण प्रतिवेदन**

